# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

नेपालगंज सव-डिभिजन वन कार्यालय, राँझा, बाँकेमा कार्यरत वन रक्षक हरी कुमार चन्दसमेतले निजी नम्बरी जग्गामा लगाएका विभिन्न जातका गोलिया काठहरू टाँचा लगाई छुटपुर्जी दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको सम्पर्क कार्यालय नेपालगंजबाट खटिई गएको टोलीले निज रेन्जर जगविर खत्री, फरेष्टरद्वय बहादुर के.सी.(खत्री) र केशव बहादुर वली तथा वन रक्षक हरी कुमार चन्दले सेवाग्राहीसँग रु.१०,०००।-(दश हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरू रेन्जर जगविर खत्री, फरेष्टरद्वय बहादुर के.सी.(खत्री) र केशव बहादुर वली तथा वन रक्षक हरी कुमार चन्दले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरूलाई जनही बिगो रु.१०,०००।-(दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता